# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६५) काठमाडौं माघ २५ गते, २०७२ साल (संख्या ४४


## भाग ३

नेपाल सरकार

गृह मन्त्रालयको सूचना

### सशस्त्र प्रहरी (पहिलो संशोधन) नियमावली, २०७२

सशस्त्र प्रहरी नियमावली, २०७२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सशस्त्र प्रहरी ऐन, २०५८ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "सशस्त्र प्रहरी (पहिलो संशोधन) नियमावली, २०७२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम २ मा संशोधन** : सशस्त्र प्रहरी नियमावली, २०७२ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ञ) पछि देहायको खण्ड (ट) थपिएको छ :–

"(ट) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरसिटी इमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेज़िडेन्ट भिसा (पि.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।"

३. **मूल नियमावलीको नियम ५५ मा संशोधन** : मूल नियमावलीको नियम ५५ को उपनियम (१) को क्र.सं. १ को बढुवा उपरको उजुरी सुन्ने समिति अन्तर्गतको खण्ड (ग) मा रहेका "कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालयको" भन्ने शब्दहरुको सट्टा "कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको" भन्ने शब्दहरु राखिएका छन् ।

४. **मूल नियमावलीको नियम १०७ मा संशोधन** : मूल नियमावलीको नियम १०७ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) सशस्त्र प्रहरी कर्मचारीले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन ।"

(२) उपनियम (४) मा रहेका "उपखण्ड (१)" भन्ने शब्दहरुको सट्टा "उपखण्ड (२)" भन्ने शब्दहरु राखिएका छन् ।

५. <u>मूल नियमावलीमा नियम १०७क. थप</u> : मूल नियमावलीको नियम १०७ पछि देहायको नियम १०७क. थपिएको छ :-

"१०७क. <u>विवरण पेश गर्नु पर्ने</u> : (१) कुनै सशस्त्र प्रहरी कर्मचारीको सगोलको पति वा पत्नीले यो नियम प्रारम्भ हुनु अघि स्थायी आवासीय अनुमति लिएको भएमा यो नियम प्रारम्भ भएको मितिले तीस दिनभित्र र यो नियम प्रारम्भ भए पछि त्यस्तो अनुमति लिएमा अनुमति लिएको तीस दिनभित्र सम्बन्धित सशस्त्र प्रहरी कर्मचारीले आफू कार्यरत कार्यालयमा देहाय बमोजिमको विवरण पेश गर्नु पर्नेछ :-

(क) आफ्नो नाम, थर, सेवा, समूह, उपसमूह र हालको पद,

(ख) पति वा पत्नीले स्थायी आवासीय अनुमति लिएको मिति,

(ग) सम्बन्धित विदेशी मुलुकको नाम ।

(२) उपनियम (१) बमोजिमको विवरण प्राप्त भएपछि सम्बन्धित सशस्त्र प्रहरी कार्यालयले सो विवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र प्रधान कार्यालयमा पठाउनु पर्नेछ ।"

६. <u>मूल नियमावलीको नियम १११ मा संशोधन</u> : मूल नियमावलीको नियम १११ को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छ :-

"(ग१) नियम १०७क. बमोजिम विवरण पेश नगरेमा,"

७. <u>मूल नियमावलीको नियम ११३ मा संशोधन</u> : मूल नियमावलीको नियम ११३ को,-

(१) उपनियम (१) को खण्ड (ठ) झिकिएको छ ।

(२) उपनियम (२) को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छ :-

"(ग१) स्थायी आवासीय अनुमति लिएमा वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिएमा ।"

८. <u>मूल नियमावलीमा नियम ११३क. थप</u> : मूल नियमावलीको नियम ११३ पछि देहायको नियम ११३क. थपिएको छ :-

"**११३क.<u>जानकारी दिन सकिने</u>** : (१) नियम १०७ को उपनियम (१) विपरीत कुनै सशस्त्र प्रहरी कर्मचारीले स्थायी

आवासीय अनुमति लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिएको जानकारी कसैलाई प्राप्त भएमा त्यस्तो व्यक्तिले सो जानकारी सम्बन्धित सशस्त्र प्रहरी कर्मचारी कार्यरत कार्यालय वा प्रधान कार्यालय वा मन्त्रालयमा दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिमको जानकारी कुनै कार्यालयमा प्राप्त हुन आएमा सम्बन्धित कार्यालयले त्यस्तो जानकारी प्राप्त भएको मितिले सात दिनभित्र प्रधान कार्यालयमा र प्रधान कार्यालयले मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) उपनियम (१) वा (२) बमोजिम वा अन्य कुनै स्रोतबाट कुनै सशस्त्र प्रहरी कर्मचारीले स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिएको जानकारी प्राप्त हुन आएमा प्रधान कार्यालयले त्यस्तो सशस्त्र प्रहरी कर्मचारीको सम्बन्धमा छानबिन गर्न विभागीय सजायको आदेश दिने अधिकारीलाई लेखी पठाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम लेखी आएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो सशस्त्र प्रहरी कर्मचारीको सम्बन्धमा तीन दिनभित्रमा छानबिन प्रारम्भ गरी सोको जानकारी यथाशीघ्र प्रधान कार्यालयलाई र प्रधान कार्यालयले मन्त्रालयलाई दिनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम छानबिन गर्दा विभागीय सजायको आदेश दिने अधिकारीले मन्त्रालय वा मन्त्रालय मार्फत अन्य कुनै सरकारी निकायसँग कुनै कुराको जानकारी वा सहयोग माग गर्न सक्नेछ र त्यस्तो

जानकारी वा सहयोग उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

(६) यस नियम बमोजिम छानबिन र कारबाही गर्दा कुनै सशस्त्र प्रहरी कर्मचारीले स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिएको देखिएमा निजलाई तीन महिनाभित्र प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी यस नियमावली बमोजिम सजाय गरी सोको जानकारी पन्ध्र दिनभित्र प्रधान कार्यालय र मन्त्रालयमा दिनु पर्नेछ ।"

९. **मूल नियमावलीको नियम ११५ मा संशोधन** : मूल नियमावलीको नियम ११५ को उपनियम (१) को,-

(१) क्रमसङ्ख्या (२) को सजायको किसिम अन्तर्गतको खण्ड (ख) मा रहेका "उपखण्ड (४), (५), (६), (७), (८)" भन्ने शब्दहरु पछि "वा खण्ड (ख)" भन्ने शब्दहरु थपिएका छन् ।

(२) क्रमसङ्ख्या (५) को सजायको किसिम अन्तर्गतको खण्ड (ग) मा रहेका "उपखण्ड (६), (७), (८)" भन्ने शब्दहरु पछि "वा" भन्ने शब्द थपिएको छ ।

१०. **मूल नियमावलीमा १५५क. थप** : मूल नियमावलीको नियम १५५ पछि देहायको नियम १५५क. थपिएको छ :-

"१५५क. **सञ्चयकोष र बीमा बाहेक अन्य कुनै सुविधा नपाउने** : (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नियम ११३ को उपनियम (२) बमोजिम सेवाबाट बर्खास्त भएको सशस्त्र प्रहरी कर्मचारीले नियम

६२ बमोजिमको कर्मचारी सञ्चय कोषको रकम र नियम १५५ बमोजिमको बीमा बाहेक यस नियमावलीको अन्य कुनै पनि सुविधा पाउने छैन ।

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नियम १०७क. को उपनियम (१) बमोजिमको विवरण वा अन्य कुनै स्रोतबाट कुनै सशस्त्र प्रहरी कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति प्राप्त गरेको देखिएमा स्थायी आवासीय अनुमति लिएको त्यस्तो पति वा पत्नीले नियम ६२ बमोजिमको कर्मचारी सञ्चय कोषको रकम र नियम १५५ बमोजिमको बीमा बाहेक यस नियमावली बमोजिमको अन्य कुनै पनि सुविधा पाउने छैन ।"

११. मूल नियमावलीको अनुसूची-५ मा संशोधन : मूल नियमावलीको अनुसूची-५ मा रहेका "नेपालको अन्तरिम संविधान, २०६३" भन्ने शब्दहरुको सट्टा "नेपालको संविधान" भन्ने शब्दहरु राखिएका छन् ।

आज्ञाले,
नारायणगोपाल मलेगो
नेपाल सरकारको सचिव